**सत्यकथा**

# येशूले मलाई बचाउनुभयो

## मेथ्यू नीधम

म तपाईंलाई मेरो जीवनकथा बताउन चाहन्छु। परमेश्वरले मलाई बचाउनुभएको सत्यकथा म तपाईंलाई भन्न चाहन्छु। म परमेश्वरको अचम्मको शक्तिमाथि विश्वास गर्छु - म सबैलाई बताउन चाहन्छु कि यो संसारको साँचो मुक्तिदाता येशू नै हुनुहुन्छ। तर यो कुरो हो कि होइन तपाईं आफैं पढ्नुहोस् भनी म अनुरोध गर्छु। परमेश्वर हुनुहुन्छ अनि उहाँको एउटा राज्य छ। त्यो राज्य तपाईंले पनि पाउनुपर्छ भन्ने परमेश्वरको ठूलो इच्छा छ। आफैं पढ्नुहोस् ...

सानै उमेरदेखि जीवनको खास अर्थ के होला भनी जान्ने मलाई गहिरो चासो थियो।। म १६ वर्षको हुँदा मैले खोजेको कुरो भेट्टाएँ। त्यसबेला मेरो जीवनले नै ठूलो कोल्टे फेर्‍यो। जीवनको त्यो छक्कलाग्दो परिवर्तन आउनअघि म थुप्रै समस्याहरूमा फसेको थिएँ। समस्या र

संघर्षहरूको कारणले मलाई जीवनमा कुनै अर्थ छैन जस्तो लाग्दथ्यो, बाँच्नुको कुनै मतलब छैन जस्तो लाग्थ्यो। दु:ख र वेदनाले मेरो साथ कहिल्यै छोडेनन्। म ईश्वरलाई मान्थें। ईश्वरको नजीक कसरी पुगौं भनी सधैं सोच्दथें। तर कुन कुरोले हो कुन्नि मलाई सधैं रोकिदिन्थ्यो।

बाँच्नुभन्दा मर्नु राम्रो भन्ने मलाई लाग्दथ्यो। बरू मरें भने ईश्वरको स्वर्गमा त जान पाइन्छ भनी म सोच्दथें। शैतानले जीवन केही होइन भनी मेरो मनमा भन्न लाग्यो। मृत्युको पिशाचले सधैं मेरो दिमागभित्र मलाई, मर् भन्नलाग्यो। जब कुनै काम कुरो बिग्रँन्थ्यो तुरन्तै मलाई मर्न पाए पनि हुन्थ्यो भन्ने लाग्दथ्यो।

हाम्रो घरमा बुवाको कोठाको अलमारीभित्र उहाँको बन्दुक थियो। एक दिन कसैले नदेख्ने गरी मैले त्यो बन्दुक झिकें। त्यसलाई बोकेर म सुटुक्कै झ्यालबाट बाहिर निस्के। त्यसपछि म कसैले नदेख्ने ठाउँमा छेलिएर लुकें। मैले त्यो दिन बन्दुक चलाएर आफैलाई मार्ने विचार गरेको थिएँ। मैले बन्दुकको नाललाई मेरो निधारमा सोझ्याएँ। त्यसपछि मैले ईश्वरलाई सानो प्रार्थना

चढाएँ। मैले त्यस दिन यसरी मृत्युलाई रोजें। आँखा बन्द गरें र मैले बन्दुकको घोडा तानेँ। म छक्क परें। केही पनि भएन। म मर्नलाई तयार भएको थिएँ। मैले राम्रो गरी हेर्दा थाहा भयो कि बन्दुकमा सुरक्षाको एउटा कडीले गर्दा बन्दुक नचलेको रहेछ। त्यो मलाई थाहा थिएन। म रोइरहेको थिएँ किन भने म अब मर्छु भनेर मैले आश मारिसकेको थिएँ। मलाई बाँच्ने कारण चाहिएको थियो। बाँच्ने उद्देश्यबिना मानिस निराश बन्नसक्छ। म तपाईंलाई पनि भन्नचाहन्छु, तपाईं जो भए पनि म भन्नचाहन्छु, परमेश्वरले तपाईंलाई एउटा विशेष उद्देश्यले, विशेष कारणले बनाउनु भएको छ। तपाईंले त्यो विशेष कुरो के हो पत्तो लाउनुपर्छ।

माथि बताएको अनुभवको दिन मैले एकजना मान्छेको प्रवचन सुनें। कसरी परमेश्वरले उनको जीवनलाई बचाउनुभयो भनी उनले सुनाए। मेरो छातीमा कुनै कुरोले थिचेको जस्तै हुनलागेको थियो। र त्यस ठाउँमा मैले परमेश्वरको उपस्थिति थाहा पाएँ। त्यो ज्ञान अझ बलियो र सफा हुँदै गयो। म अगिल्तिर त्यो वक्ताको नजीक गएँ अनि

मलाई रुन मनलाग्यो। के भयो म भन्न सक्दिनँ। मेरा आँखाबाट आँसु बगिरहेको थियो। त्यतिको म कहिले रोएको थिइनँ। त्यही बेला एउटा अचम्मको कुरो भएको मैले थाहा पाएँ। मेरो आँखा छिटोछिटो झिमझिम गरिरहेको थियो। अनि यही क्रममा मैले थाहा पाएँ कि मैले आँखा बन्द गर्नु बित्तिकै म एउटा उदेकको उज्यालो देख्न लागिरहेको थिएँ।

जब प्रचारक मेरो नजिक आएर मेरो लागि प्रार्थना गर्दै अनौठो आवाज निकाल्नुभयो तब मेरो सारा शरीरले अचम्मको शक्ति प्राप्त गरेको जस्तो लाग्यो। मेरो शरीरमा बिजुलीको झड्का जस्तै लाग्यो र तरङ्गहरू सारा शरीरमा फैलिएर निकै न्यानो भएर आयो। त्यो झड्का शक्तिशाली थियो तर पनि कोमल थियो। बिजुलीको जस्तो तातो थियो। यो परमेश्वरको पवित्र-आत्माको अलौकिक शक्ति थियो। मैले चारैतिर हेर्दा, धेरैजसो मानिसहरू प्रार्थना गरिदिँदा भूइँमा लडेका थिए। के भइरहेको छ मलाई थाहा भएन। म रोइरहेको थिएँ। परमेश्वरको शक्तिलाई मैले पहिलोचोटी अनुभव गरें। अनि यही परमेश्वरको शक्तिले मेरो

जीवनलाई पूर्णरूपले परिवर्तन गरिदियो।

प्रभु येशूले भन्नुभयो - *"म संसारको ज्योति हुँ, मलाई पछ्याउने अन्धकारमा हिंड्डुल गर्ने छैन, तर त्यसले जीवनको ज्योति पाउनेछ।"* (यूहन्ना ८:१२)। परमेश्वरको शक्तिले छोएको हुनाले मेरो आँखा खुलियो। मैले ज्योति देखें। म बदली भएँ। मेरो जीवनमा, हेराइमा, सोचाइमा परिवर्तन आयो। जीवनमा के रोज्ने नरोज्ने भन्ने विषयमा अन्तर आयो। मलाई परमेश्वरलाई चिन्ने ठूलो इच्छा भयो। म तल्लिन बनेर बाइबल पढ्न लागे अनि प्रार्थना गर्न लागे। बाइबल परमेश्वरको किताब हो। मैले बाइबलबाट थाहा पाएँ। येशू प्रभु स्वर्ग जानुहुँदा उहाँले पवित्र आत्मा पठाइदिनुभएको थियो। पवित्र आत्माले हामीलाई येशू ख्रीष्टको बारेमा बताउने शक्ति दिन्छ भनी मैले पढें (प्रेरित १:८, यूहन्ना १६:८)।

मैले याद गरें कि मलाई येशूको बारेमा बताउने शक्ति प्राप्त भएको थियो। मैले मेरा साथीहरूलाई येशूको सन्देश सुनाउन लागे। पवित्र-आत्माद्वारा अन्यभाषा पाइन्छ भन्ने कुरा सुनेकोले परमेश्वरबाट पाइने अन्यभाषा पाउँ भनेर

उहाँसँग प्रार्थना गर्न थाले (प्रेरित २:४)। प्रार्थना गरिसकेपछि अर्को नबुझ्ने भाषाका केही शब्दहरू मेरो दिमागभित्र लेखिएको देखें। अर्थ पनि नबुझ्ने, पढ्न पनि नसक्ने ती शब्दहरू आँखा अघि नै देखें। त्यसपछि मैले आफ्नै दिमागमा लेखिएका ती शब्दहरूलाई उच्चारण गर्न लागें र यसरी मैले अन्यभाषामा बोल्न थालें। प्रिय मित्र, म तपाईंलाई भन्न चाहन्छु पवित्र-आत्मा आज पनि हामीसँग हुनुहुन्छ (१ कोरिन्थी १२:१०)।

परमेश्वरले मेरो जीवनलाई छुनु भएपछि अर्को अनौठो घट्ना घट्यो। मैले भूतआत्माको शक्तिलाई देख्न लागें। यसभन्दा अघि त्यो शक्ति मैले देखेको थिइनँ। एकजना व्यक्तिको लागि प्रार्थना गर्दा ऊ भूइँमा लड्यो। केले हो उसलाई गाँज्यो। अकस्मात उसको हात माथितिर तन्कियो र बटारिनलाग्यो। ऊ रातो रगंमा बदलिँदै गयो र अश्लील शब्दहरू प्रयोग गरेर नानाथरी बोल्न थाल्यो। मुखभरि फींज काढेर अत्यन्तै छिटो-छिटो बोलिरहेको थियो। दुष्ट आत्माले ऊबाट बोल्दै थियो अनि उसको शरीर पनि बटारिदिँदै थियो।

“येशूको नाउँमा हामी आज्ञा गर्दछौं कि

निस्केर जा।" भनेर ईसाईहरू प्रार्थना गरिरहेका थिए। साँच्चै एउटा भूत आत्माले समातेको मानिसबाट दुष्टआत्मा निस्केर जान अस्वीकार गर्दा त्यो दृश्य कस्तो डरलाग्दो हुन्छ। दुष्टआत्मा बाहिर निस्केर आउँदिनँ भन्नै मिल्दैन किनभने त्यसको शक्ति नै तोडिएको छ। त्यो मान्छे बल्ल मुक्त बन्यो र शान्तिको सास फेर्न सक्यो। दुष्ट शैतान छ भन्ने कुरो तपाईंले बुझ्नुपर्छ। त्यो शैतान नै मानिसहरूका जीवनलाई खतम पार्ने, बरबाद पार्ने दुष्ट आत्माहरूको राजा हो। परमेश्वरचाहिँ शुद्ध, सत्य, माया गर्ने र पवित्र हुनहुन्छ। तर शैतानचाहिँ घृणाले भरिएको हुन्छ, दुष्टता र खराबीले भरिएको हुन्छ। सबै कुरामा त्यो परमेश्वरभन्दा विपरीत हुन्छ। त्यसले झूट बोल्छ अनि त्यसले चोरी गर्छ अनि त्यसले मानिसहरूलाई परमेश्वरको पछि हिँड्नबाट रोक्छ।

बाइबलले बताइसकेको छ,

(शैतानचाहिँ चोर्न, मार्न र नाश पार्न आएको हो तर येशू त हामीलाई स्वतन्त्र गर्न र जीवनको पूर्णता दिन आउनुभयो। (यूहन्ना १०:१०)।)

अझै पनि आत्महत्या गर्नुपर्छ भन्ने विचार मलाई आएको थियो तर मैले प्रार्थना गरें, *"हे परमेश्वर मलाई बाँच्ने इच्छा दिनुहोस्"*। मैले यसरी प्रार्थना गर्दा अचानक मेरो दिमाग छ्याङ्ग भयो, स्वतन्त्र बन्यो। ड्रगको कुलत, निराशा, नराम्रो सपना, मानसिक विमारी र पापकर्महरू सबै नै दुष्ट-आत्माको काम हो। दुष्ट काम गर्नलाई कतिपल्ट धेरै मानिसहरू दुष्टआत्माको आवाज पनि कानमा सुन्छन्। हामी आँखाको सामु शैतानका दुष्ट कामहरू चारैतिर संसारमा देख्छौं यसकारण त्यसलाई कल्पना हो, दन्तेकथा हो भन्नु मिल्दैन। त्यसलाई मनपर्ने कुरो आतंक, युद्ध, मृत्यु, भोकमरी, रोग र झगडा हो। पैसा रूपयाँको लोभमा मान्छेलाई फसाएर परमेश्वरदेखि त्यसले मानिसहरूलाई टाढा लगिरहेको छ। धनीहरूलाई, धनी बन्न चाहनेहरूलाई शैतानले धोका दिएको छ। शैतानको इच्छा नै हामीलाई कुइच्छाहरूद्वारा पापमा फसाउनु हो।

एक विहानै जब म निद्राबाट बिउँझिए अकस्मात मेरो दिमागमा एउटा नग्न स्त्रीको चित्र देखापऱ्यो, त्यसपछि कुनै अनौठो आवाजले *"यो*

*दुष्ट शैतान होइन"* भनेको मैले सुनें। मैले तुरुन्तै यो दुष्ट कुरा हो भन्ने थाहा पाएर नै त्यसलाई हकारेँ र छोडेर जान आज्ञा गरें। दुष्टआत्माले मानिसलाई जहिले पनि व्यभिचारमा फसाउँन र परमेश्वरबाट अलग गर्न चाहन्छ तर परमेश्वरले हामी सबैलाई वैवाहिक करारलाई आदर गर्न र विश्वासयोग्य बन्नु भन्नुभएको छ। बाइबलले भन्दछ *"सबैका बीचमा विवाहचाहिँ आदरणीय होस् वैवाहिक सम्बन्ध नबटुलिओस् किनकि दुराचारी र व्यभिचारीहरूको इन्साफ परमेश्वरले गर्नुहुन्छ"* (हिब्रू १३:४)। सबै प्रकारका वेश्यावृत्ति, अश्लिल दुर्व्यसनी, समलिङ्गी, करणी, बालयौन दुर्व्यवहारजस्ता सबै खराब कुराहरू मानिसहरूले दुष्टआत्मा, शैतानले भनेको मानेर नै आएका हुन्। आज दुष्टआत्माद्वारा लाखौं-लाख मानिसहरू परमेश्वरबाट तर्किएर व्यभिचारमा फसेका छन् तर जुन व्यक्ति परमेश्वरको हो उसले शैतान, दुष्टआत्माको कुरालाई सुन्दैन।

दुई प्रकारका राज्यहरू छन् भनी म तपाईंलाई बताउन चाहन्छु। शैतानले राज्य गर्ने अन्धकारको राज्य अनि राजाहरूका राजा हाम्रा प्रभु येशू

ख्रीष्टले शासन गर्ने ज्योतिको राज्य।

बाटो पनि दुईवटा मात्रै छन्। नरकतर्फ जाने चौडा बाटो र स्वर्ग जाने साँघुरो बाटो। हामी कुन बाटोबाट जान चाहन्छौं छनोट हाम्रो हो। तर मानिसहरू जब आफ्नो पापमय स्वभावको काम गर्छन् तब उनीहरू दुष्टआत्माको पासोमा पर्दछन्। शैतानमाथि येशू ख्रीष्टको शक्तिले काम गर्छ। तर जसले येशूको शक्तिलाई गिल्ला गर्छ र टुना-मुना गर्छ, शैतानिक विद्यामा लाग्छ त्यो सधैंको निम्ति नरकमा फालिनेछ। येशू ख्रीष्टसँग नै सबैभन्दा ठूलो शक्ति छ। जसरी शैतानको सम्पूर्ण कुराबाट उहाँले मलाई छुटकारा गर्नुभयो, नाश हुन लागेको मेरो जीवनलाई बचाउनुभयो त्यसरी नै तपाईंलाई पनि उहाँले शैतानबाटको जालबाट छुटकारा दिनसक्नु हुन्छ। आफ्नो जीवनलाई येशूमा समर्पण गर्नुहोस् र जिउँदो परमेश्वरको तपाईं सेवक बन्नुहोस्। तपाईं शैतानको शक्तिबाट हटेर येशू ख्रीष्टको शक्तिपट्टि फर्किनुपर्छ। किनभने चंगाईको शक्ति, अचम्मको काम गर्ने शक्ति, छुटकारा दिने शक्ति र पवित्र-आत्माको शक्ति नै येशू ख्रीष्टसँग छ।

परमेश्वरको शक्तिको असलियत थाहा पाएपछि ममा परमेश्वरलाई चिन्ने, जान्ने गहिरो इच्छा जागेर आयो। भित्र हृदयमा यो इच्छाको ज्वाला जलिरहेको जस्तो मलाई अनुभव भयो। ममा परमेश्वरलाई जान्न चाहने प्यास अति नै तीब्र बन्यो। म घरीघरी प्रार्थना गर्थें, *"हे मेरा परमेश्वर, तपाईं जसरी मोशाकहाँ देखा पर्नुभयो, त्यसरी नै मेरो सामुन्ने देखा पर्नुहोस्।"* म मोशाजस्तै हुन चाहन्थें किनभने मोशाले परमेश्वरसँग कुराकानी गरेका थिए र उहाँको महिमालाई देखेका थिए (प्रस्थान ३३:११)।

अब्राहम परमेश्वरका साथी हुन् भनी मलाई थाहा छ, त्यसकारण त म पनि परमेश्वरको साथी हुनसकूँ भनेर प्रार्थना गर्थें। दमस्कसको बाटोमा सूर्यभन्दा पनि उज्ज्वल प्रकाशद्वारा परमेश्वर पावल प्रेरितकहाँ देखापर्नु भएको कुरा मलाई थाहा थियो (प्रेरित २६:१२-१८)। परमेश्वर प्रेरित यूहन्नाकहाँ आगोको ज्वाला जस्ता आँखामा देखापर्नु भएको कुरा पनि मैले पढेको थिएँ (प्रकाश १:१२-१६)। मलाई त्यही शक्तिले छोएको हुनाले म पनि उनीहरूको जस्तै अनुभव खोजिरहेको थिएँ।

मैले जीवनको साँचो अर्थको बारेमा धेरै ध्यान र तपस्या गरेको छु। अनि मैले पाएको उत्तर यही हो कि हामीले परमेश्वरलाई जान्नु र उहाँको नजिक रहनु नै जीवनको महानतम् काम हो। हामी सबैको हृदयमा परमेश्वरको नजिक जाने र उहाँको महिमालाई हेर्ने तीब्र इच्छा हुनुपर्छ। हामी विश्वासमा जिउँछौ तर हाम्रो विश्वासको पूर्णता भनेको परमेश्वरको आमने-सामने बाँच्नु हो बाइबल शास्त्रमा भनिएको छ कि *अन्तिम न्यायको दिनमा मानिसहरू जब स्वर्गीय शहरमा पस्नेछन् तब तिनीहरूले परमेश्वरको मुहार देख्नेछन्* (प्रकाश २२:४)। हामीहरू येशू ख्रीष्टको दोस्रो आगमनलाई पर्खिरहेका छौं। उहाँ अहिले परमेश्वर पिताको दाहिने बाहुलीपट्टी बस्नुभएको छ। *जब उहाँको राज्यको सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि उहाँको आगमन हुनेछ र हामी सबै ख्रीष्टको महिमाको पूर्णतालाई देख्नेछौं* (मत्ती २४:१४)। परमेश्वरको इच्छा आफ्नो मानिसहरूको लागि के हो ? त्यो यही हो कि उहाँका मानिसहरू स्वर्गीय ढोकाहरूद्वारा भित्र प्रवेश गरून् र उहाँको

महिमाको पूर्णतालाई आफ्नै आँखाले हेरून्। हामी त भय-भक्तिको साथमा उहाँको अगि उभिएका हुनेछौं तर जो परमेश्वरलाई चिन्दैनन् र जानेका पनि छैनन् तिनीहरूलाई भने उहाँको शक्तिको शानदेखि अलग गरिनेछ (२ थेसलोनिकीहरूलाई १:७-१०)। यो सुसमाचारलाई तपाईंले समयमै आफ्नो हृदयमा मान्यता दिनुपर्छ। धर्मले वा धर्मीपनले हामीलाई बचाउन सक्तैन। तपाईंले येशू ख्रीष्टलाई आफ्नो जीवन दिनुपर्छ र आफ्नो मुक्तिको बारेमा पक्का गर्नको लागि गम्भीर बन्नुपर्छ।

हाम्रो आत्मामा लाग्ने भोक अति नै आवश्यक छ। खानाद्वारा शारीरिक शक्ति प्राप्त गर्नुभन्दा पनि अझै महत्त्वपूर्ण कुरो हाम्रो आत्माको भोजन हो। हामीलाई परमेश्वरको वचनको आवश्यकता छ अनि परमेश्वरको वचनले आत्माको निम्ति चाहिने शक्ति दिनेछ। खाना नखाएमा हामी भोकै मर्छौं। खायौं भने हामी जीवित रहनसक्छौं। आत्मालाई चाहिने भोजन खाएनौं भने हामी आत्मामा मर्नेछौं। यसैकारण तपाईंलाई परमेश्वरको वचनको खाँचो छ। जब शैतान येशू ख्रीष्टलाई ढुङ्गालाई

रोटी बनाएर खानुहोस् भन्न आयो, तब येशूले भन्नुभयो - *“मानिस रोटीले मात्र बाँच्दैन तर हरेक बचनले जो परमेश्वरको मुखबाट निस्कन्छ”* (मत्ती ४:४)। आज धेरै मानिसहरूले आत्मिक खानाको बेवास्ता गरेको कारणले तिनीहरू आत्मिक रूपमा मरेका छन्। परमेश्वरसँग नजिक हुने अत्यन्तै महत्त्वपूर्ण कुरोलाई तपाईंले जान्नैपर्छ भन्ने कुरोमा म जोड दिन चाहन्छु। येशू ख्रीष्टको मित्र हुन, परमेश्वरलाई खोज्न र पछ्याउनको निम्ति तपाईंको हृदयमा भोक हुनुपर्छ। तपाईंको पाप क्षमाको लागि र स्वतन्त्र हुनको लागि येशू ख्रीष्टसँग विन्ती गर्दै तपाईंको जीवनका सम्पूर्ण कुराहरूलाई प्रभु येशूमा सुम्पिनुहोस्।

जब म पूरापूर ईसाई भएँ तब परमेश्वरमा बलियो हुनलाई मलाई दुईटा कुराले निकै सहयोग गऱ्यो। पहिलोचाहिँ प्रार्थना गर्ने र दोस्रो चाहिँ ख्रीष्टलाई नचिनेका मानिसहरूलाई येशूको बारेमा बताउने। म बाटो-बाटोमा गएर सुसमाचार सुनाउँथे, पत्र-पर्चा बाँड्थे, धेरै जना मानिसहरूलाई येशू ख्रीष्टमा विश्वास गर्नुहोस् भनी आग्रह गर्दथेँ। सुसमाचार प्रचार गर्दै मैले

मेरो देशमा पनि धेरै यात्रा गरेको छु। मेरो कुरा कति मानिसहरू राम्रो गरी सुन्थे तर कतिले त संसारकै बाटोमा र नशामा हिँड्ने इच्छा छ भन्ने गर्थे। परमेश्वरको आज्ञाकारी हुने उद्धार पाउनुपर्छ भन्ने कुराको तिनीहरू केही वास्ता गर्दैन थिए। शैतानले धेरै मानिसको जीवन नाश गर्नलाई मदिरा, लागू औषधी र अन्य आपराधिक कुकर्महरूलाई प्रयोग गरिरहेको छ। यस्ता खाले पाप र अधर्मका कारण धेरै परिवारहरू दुःख कष्टमा परेका छन् र धेरै जना नर्कमा गइसकेका छन्। किनभने तिनीहरूले आफैलाई ठीक प्रकारले परमेश्वरमा समर्पण गरेनन्। तपाईंले आफ्नो जीवन प्रभु येशूलाई दिनुपर्छ र उहाँले तपाईंको जीवनमा भएको पापको शक्तिलाई तोड्नुहुनेछ। ढिलो हुनअघि हामीले मानिसहरूलाई प्रभुमा बाँच्नुपर्छ भनी चेतावनी दिनुपर्छ। साँचो रूपले पश्चाताप गर्नुभयो भने तपाईंले छुटकारा पाउनुहुनेछ किनभने जोजतिले पाप गर्छन् उनीहरू पापको कमारा हुन्।

मेरा एक झुण्ड साथीहरू थिए। उनीहरू एकदम चर्को आवाजको संगीत सुन्थे र लगातार

पिएर मातिबस्थे। म प्रायजसो तिनीहरूसँग परमेश्वरको बारेमा कुरा गरि बस्थेँ। तिनीहरूको माझमा एकजना साथी यस्तो पनि थियो जो मेरो कुरा सुन्न नै चाहदैनथ्यो। उभित्र धेरै क्रोध थियो। उसलाई येशू ख्रीष्टको बारेमा जब बताउन खोज्थें ऊ सुन्न नै चाहदैनथ्यो। उसले आफ्नो हृदयको ढोका परमेश्वरको लागि बन्द गरिदियो। पछिल्लोपल्ट मैले उसलाई भेट्दा मलाई थाहा थिएन कि ऊ चाँडै मर्नेछ। उसका साथीहरूसँगै ऊ पार्टीम गएछ र धेरै रक्सी खाएछ। मातेर कार चलाउन नसक्ने अवस्था हुँदाहुँदै पनि ऊ कारभित्र बसेछ। त्यसपछि ऊ आफ्नो घरकै नजीक आफ्नै मोटरको दुर्घटनामा परेर खतम भयो। रक्सी खाएर गाडी चलाएकै कारण ऊ मर्नु पऱ्यो। उसको शरीर त्यो क्षत-विक्षत भएको गाडी भित्रबाट निकाल्नुपऱ्यो। यसरी नै शैतान चोरूँ, मारूँ र नाश पारूँ भनेर आउँछ। अनि सबैभन्दा मूल्यवान थोक, तपाईंको आत्मा नै शैतानले चोर्न चाहन्छ।

“पश्चाताप गर र येशू ख्रीष्टमा फर्क,” भन्नको लागि म प्राय: जसो ती ठाउँहरूमा जाने

गर्थें जहाँ मानिसहरू पाप गरिरहेका हुन्थे। त्यस्तो ठाउँमा पनि मैले एउटा जवान युवतीलाई अक्सर मद्यले मातेको देख्थें। तिम्रो यो अवस्थालाई परिवर्तन गर भनेर मैले ती युवतीलाई आग्रह गरें। मद्य पान गर्नको लागि उनी सधैं नाइट क्लबभित्र पस्ने गर्थिन्। तर उनी होंची भएकीले प्रायजसो नाइट क्लबहरूले भित्र जाने अनुमति दिँदैन थिए। उनी जहिले पनि मातेर, लर्खराएर यताउता गइरहेकी हुन्थिन्। मैले उनलाई सम्झाउने कोशिश गरें तर उनले सुन्न मानिनन्। ती युवतीको अचानक मृत्यु भयो। उनका साथीहरू छक्क परे, दङ्ग परे। तिनले रक्सी पिउनको लागि नाइट क्लबभित्र पस्ने धेरै नै कोशिश गरिन् तर परमेश्वरको अविनाशी स्वर्गीय राज्यमा पस्ने कोशिश कहिल्यै पनि गरिनन्। तिनले आफ्नो मुक्तिको निश्चयताको बारेमा कहिल्यै कोशिश गरिनन् तर अब त अत्यन्तै ढिलो भइसकेको थियो।

हामीले हाम्रो जीवनलाई व्यर्थैमा खेर फाल्नु हुँदैन। तर परमेश्वरको राज्यलाई पक्रिराख्नु पर्छ। किनभने बाइबलले भन्दछ - "... *अहिलेसम्म*

*स्वर्गको राज्य जोडले अघि बढिरहेको छ अनि शक्तिशाली मानिसहरू बलजफ्तीसँग यसलाई पक्रन्छन्"* (मत्ती ११:१२)। परमेश्वरबाट तपाईंको निम्ति भएको उहाँको उच्च बोलावटलाई पक्रिराख्न मौका हुँदै उहाँमा जीउने प्रयत्न गर्नुहोस्। अझै कति बाँच्ने हो तपाईंलाई थाहा छैन। धेरै मानिसहरू आफ्नो अन्तिम दिनमा विहान बिउँझन्छन्। यो अब अन्तिम दिन हो भन्ने उनीहरूलाई कुनै पत्तो हुँदैन। उनीहरूले आफ्नो दिनलाई सधैंजस्तै ठानेका हुन्छन् तर कुनै सूचनाबिना उनीहरू गइहाल्छन्। बाइबलले भन्दछ - *"मानिस एकपटक मर्नु निश्चित छ र त्यसपछि इन्साफ"* (हिब्रू ९:२७)। हामीले यस संसारिक समयलाई कसरी बितायौं त्यसको बारेमा इन्साफ गरिने छ अनि स्वर्गका किताबहरू खोलिनेछन्। यदि कसैको नाम जीवनको पुस्तकमा पाइएन भने उसलाई अनन्तको आगोको भट्टीमा फालिनेछ (प्रकाश २०:११-१५)। तपाईंले येशू ख्रीष्टसँग र आफ्नो जीवनसँग के-के गर्नुभयो भन्ने कुरा कति महत्त्वपूर्ण छ। स्वर्गीय राज्यमा पस्नलाई एक मात्र उपाय तपाईंको नाउँ जीवनको पुस्तकमा

लेखिएको हुनुपर्छ। येशू ख्रीष्ट यस संसारमा परमेश्वरको ज्याति चम्काउन र पापीहरूलाई पापको पश्चाताप गर भनेर बोलाउन आउनुभएको हो। हामी देख्न सक्छौं कि शैतानले कसरी मृत्युलाई यस संसारमा ल्यायो तर विश्वासबाट हामी देख्नसक्छौं कि येशू ख्रीष्टमा भएकाहरू सदा-सर्वदाको लागि बाँच्नेछन्।

येशू ख्रीष्टलाई आफ्नो जीवन दिने इच्छा गर्ने एउटा मानिससँग म कुराकानी गरिरहेको थिएँ। तर ऊ एक समयमा चोर थियो र उसले धेरै सामग्रीहरू चोरेको थियो। उसले चोरी ल्याएको एउटा रेडियो पनि उसँग थियो। अनि मैले उसलाई भनें - *"यदि तिमी येशू ख्रीष्टलाई पछ्याउन चाहन्छौं भने, पहिले गएर चोरेको रेडियो फर्काइदेऊ।"* किनभने कुनै पनि चोर परमेश्वरको राज्यमा पस्न सक्दैन (१ कोरिन्थी ६:१०)। तर उसले रेडियो आफैसँग राखेर येशू ख्रीष्टलाई नपछ्याउने निर्णय गऱ्यो। म त केवल उसलाई चेतावनीमात्रै दिनसक्थें। किन तिमी एउटा जाबो रेडियोको लागि आफ्नो आत्मा गुमाउँछौं? येशूले भन्नुभयो - *"मानिसले सारा*

*जगत हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ?* अथवा *मानिसले आफ्नो प्राणको सट्टामा के दिनसक्छ?"* (मर्कूस ८:३६-३७)। येशूले भन्नुभयो - *"जो मेरो पक्षमा छैन त्यो मेरो विरूद्धमा छ"* (लूका ११:२३)। तपाईंले छान्नुपर्छ। कि त तपाईं येशूको निम्ति बाँच्नु हुन्छ कि उहाँको विरुद्धमा। किनभने मानिसले एउटै समयमा परमेश्वर र शैतानलाई पछ्याउन सक्दैन। अन्तिम न्यायको दिनमा हामी दुई समूहका मानिसहरू मात्र देख्नेछौं। येशू ख्रीष्टका मित्रहरू र दुश्मनहरू मात्र देख्नेछौं। त्यहाँ मध्यमार्गी कोही हुनेछैन। येशूले भन्नुभयो - *"यसकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु। तर हरेक जसले मलाई मानिसहरूका सामुन्ने इन्कार गर्छ, मपनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने इन्कार गर्नेछु"* (मत्ती १०:३२-३३)।

परमेश्वरको राज्यमा पस्न तपाईंले सत्य र धार्मिकताको बाटोमा हिँड्नै पर्छ। तपाईं शैतानिक शक्तिबाट स्वतन्त्र हुनैपर्छ र परमेश्वरको ज्योतिको

राज्यमा आउँनैपर्छ। येशूले मेरो जीवनबाट शैतानको शक्तिलाई भाच्नुभएको कारण नै आज म उद्धार गर्ने सुसमाचारको घोषणा गर्दै हिँडिरहेको छु। मृत्युबाट बौरिएका सर्वशक्तिमान उद्धारक येशू ख्रीष्ट नै हुनुहुन्छ। शैतानसँग मृत्यको शक्ति थियो, मृत्यु त्यसको हातमा थियो। तर येशू ख्रीष्टले शैतानसँग भएको मृत्युको शक्तिलाई तोड्नुभयो र मृत्युमाथि विजयी हुनुभयो। उहाँ सधैंको निम्ति जीवित हुनुहुन्छ। त्यसकारण त येशूले स्वर्गमा तपाईंको स्थान सुरक्षित राख्न सक्नुहुन्छ। येशू ख्रीष्टले शैतानलाई हराउनु भएकोले तपाईंले अनन्त जीवन पाउन सक्नुहुन्छ। येशू ख्रीष्टले संसारका सबै मानिसहरूलाई मुक्तिको निश्चयता दिनको लागि बोलाई रहनुभएको छ। जब तपाईं हृदय खोलेर येशू ख्रीष्टलाई ग्रहण गर्नुहुन्छ तब तपाईं उहाँको ज्योति प्राप्त गर्नसक्नुहुन्छ। तर उहाँलाई इन्कार गर्नेहरू अन्धकारमा हिँड्दैछन् भनी बाइबलले भन्छ।

एकदिन यस्तो आयो कि, प्रार्थना गरिरहेको बेलामा मैले परमेश्वरको जिउँदो उपस्थितिलाई महसुस गर्न सकेँ। मेरो हृदय ईश्वरीय आनन्दले

भरिएको थियो। प्रार्थनाको अन्त्यमा मैले झ्यालबाट बाहिर हेरेँ र तलतिर बाटोमा एउटा मानिस आफ्नो ट्रकको जाँच-पड्ताल गरिरहेको देखें। मैले परमेश्वरलाई सरल प्रश्न सोधें - *"यो मानिसलाई नरक जानबाट बचाउन तपाईं के गर्न गइरहनु भएको छ?"*

तब मैले मेरो हृदयमा स्पष्टसँग परमेश्वर बोल्नुभएको आवाजलाई सुनें, *"मैले मेरो पुत्र येशूलाई उहिल्यै पठाइसकें तर तिमीले पो के गर्ने अब? "* यति धेरै स्पष्टसँग परमेश्वरको आवाजलाई मैले पहिले कहिल्यै सुनेको थिइनँ। मैले फेरि थाहा पाए कि परमेश्वरले मुक्तिको लागि बाटो खोलिसक्नुभएको छ। हाम्रा पाप सम्पूर्ण दण्डको ज्याला तिर्नको लागि नै येशू ख्रीष्ट क्रुसमा झुण्डिनु भयो र रगत बगाउनुभयो। परमेश्वरले आफ्नो जिम्मेवारी पूरा गर्नुभएको छ, त्यसैगरि हामीले पनि हाम्रो जिम्मामा भएको काम पूरा गर्नुपर्छ। प्रत्येक व्यक्तिले आ-आफ्नो साथीलाई स्वर्ग जान वा नर्क जानलाई अन्जानमा सघाई रहेको छ।

म ओर्लेर त्यस मानिसकहाँ गएँ र येशू

ख्रीष्टको बारेमा बताउँदा ऊ पनि येशूलाई विश्वास गर्ने मानिस रहेछ भन्ने कुरा थाहा पाउन सकें। तर पनि त्यस दिन मैले सुनेको आवाजको चुनौतीलाई मैले भुलेको छैनँ। धेरैभन्दा धेरै मानिसहरू बाँचुन् भनेर हामीले सुसमाचार सुनाउनै पर्छ। परमेश्वरले हामीलाई जुन कामको लागि बोलाउनुभएको छ, त्यो काम गर्नु नै पर्छ।

दोस्रो पटक जब म पास्टरसँग प्रार्थना गरिरहेको थिएँ त्यतिखेर पनि मैले पुनः परमेश्वरको आवाजलाई स्पष्टसँग सुन्न सकें। शहरका धेरै जवान मानिसहरू जो मद्यपान, लागू औषध, यौन दुर्व्यवहारमा फँसेका छन् हामीहरू तिनीहरूको लागि प्रार्थना गरिरहेका थियौं। मैले मोटरसाइकल् दुर्घटनामा परेर केही मात्रामा अपाङ्ग भएको एउटा साथीको लागि पनि प्रार्थना गरिरहेको थिएँ। ऊ आफ्नै घरको छेउमा दुर्घटनामा परेको थियो। एम्बुलेन्स पर्खिरहेको बेलामा पनि उसका आमाबाबु पनि त्यहीं नै थिए। जब म उसको लागि प्रार्थना गरिरहेको थिएँ मैले येशूको आवाजलाई स्पष्ट सुन्न सकें। उहाँले भन्नुभयो - *"तिमीहरू के माग्दछौ सो तिमीहरू*

*जान्दैनौ, के जुन कचौरा म पिउँछु त्यो तिमीहरू पिउन सक्छौं?"* (मर्कूस १०:३८)। कुन्नि किन परमेश्वरले यो बोल्नुभएको हो के भनी मैले शंका गर्न थालेँ। तर जब पास्टरले बाइबलबाट त्यही कुरालाई पढेर सुनाए तब यो आवाज परमेश्वरबाट आएको हो भनी मैले विश्वास गरेँ। म त्यो व्यक्तिको उद्धारको लागि परमेश्वरसँग प्रार्थना गरिरहेको थिएँ। तर येशूले मलाई भन्नुहुँदैछ कि मैले के प्रार्थना गरिरहेको छु मलाई नै थाहा छैन। यसको कारण यही हो कि प्रार्थना गर्ने कुरोमा पनि हामीले एउटा मूल्य चुकाउनुपर्छ। येशू ख्रीष्टले त आफ्नो सम्पूर्ण जीवनको बलिदान गर्नुभयो। हामीले उक्त कचौराबाट पिउने हो भने परमेश्वरले जे भन्नुहुन्छ त्यो पालन गर्न हामी तयार हुनुपर्छ। परमेश्वरले बोल्नु भएको धेरै मानिसहरूले सुनेका छैनन्। किनभने तिनीहरू सुसमाचारको खातिर पूरा बलिदान गर्न इच्छा राख्दैनन्। के तपाईं परमेश्वरको कचौराबाट पिउन इच्छा राख्नुहुन्छ?

परमेश्वरकहाँ जाने येशू ख्रीष्ट मात्र एउटा बाटो हुनुहुन्छ। येशूले तिनलाई भन्नुभयो - "बाटो

सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ जान सक्दैन" (यूहन्ना १४:६)। येशूले भन्नुभयो - "ढोका म नै हुँ यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइने छ" (यूहन्ना १०:९)। येशू ख्रीष्ट नै मेरा प्रभु, उद्धारकर्ता, मेरा राजा, मेरा शासक, अनि मेरा मालिक हुनुहुन्छ। उहाँमाथि विश्वास गर्ने कोही पनि नाश हुनेछैन तर उसले अनन्त जीवन पाउनेछ। यदि तपाईंले यो भन्दा पहिले कहिल्यै येशू ख्रीष्टलाई आफ्नो सम्पूर्ण जीवन समर्पण गर्नुभएको छैन भने यो नै उचित समय हुनसक्छ। उहाँलाई यही बेला तपाईंको मुक्तिदाता बन्नको लागि बिन्ति गर्नुहोस्। संसारप्रतिको पापमय लालसा हटेर जानेछ। येशू ख्रीष्टसँग भएको तपाईंको व्यक्तिगत सम्बन्धले धेरै महत्त्व राख्दछ। म पक्का गरी भन्नसक्छु कि म परमेश्वरलाई प्रेम गर्दछु। त्यसकारण सबै मानिसहरू उहाँको सुसमाचार सुन्नुपर्छ र उहाँलाई पछ्याउनुपर्छ भनी बताउन म पूरापूर प्रयास गर्दछु। यदि तपाईंले यसभन्दा अगाडि कहिल्यै येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनी स्वीकार गर्नुभएको छैन भने, यो समय म

तपाईंलाई त्यो अवसर दिन चाहन्छु।

सबभन्दा पहिले परमेश्वरको अगाडि म पापी हुँ भनेर स्वीकार गर्नुहोस्। यो पनि भन्नुहोस् कि तपाईं आफैलाई आफूलाई बचाउन सक्नुहुन्न। तपाईंलाई बचाउने एउटा उद्धारकर्ता चाहिँन्छ। त्यो उद्धारकर्ताको नाउँ हो येशू। "हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ। प्रभु येशू ख्रीष्ट ज्योतिमा हुनुभए झैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।"(१ यूहन्ना १:७,९)।

"किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौं भने अनि परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ .....। किनकि प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।" (रोमी १०:९-१३)।

म तपाईंलाई एउटा प्रश्न सोध्न चाहन्छु- *"यदि तपाईं आज यस घडीनै मर्नुभयो भने के तपाईं स्वर्ग जान्छु भनेर निश्चित हुनुहुन्छ?" "येशू*

*ख्रीष्टको असल गवाही हुने इच्छा गर्नुहुन्छ, या अझै उहाँलाई इन्कार गर्नुहुन्छ?"* बाइबल शास्त्रले हामीलाई एक प्रकारका मानिसहरूको बारेमा चेताउनी दिँदछ, जसले परमेश्वरलाई चिनेका छौं भनी भान त पार्छन्, तर तिनीहरूले आफ्ना कामद्वारा उहाँलाई इन्कार गर्दछन्। (तीतस १:१६)

येशू ख्रीष्टलाई पछ्याउनु भनेको निकै ठूलो र गम्भीर निर्णय हो। आज नै तपाईंको उद्धारलाई पक्का गर्ने दिन हो। तपाईंले येशू प्रभुलाई यही बेला प्रार्थना गर्नुपर्छ। अब मसँगसँगै यो प्रार्थना गर्नुहोस्।

*"प्रभु येशू, तपाईंको पवित्र नाउँमा म प्रार्थना गर्दछु। म जान्दछु मैले पाप गरेको छु। हे प्रभु, १ मेरो पापको कारण म नाश हुन चाहन्न। म मेरो मृत्युपछि अनन्तको नरकमा जान चाहन्न, तर म अनन्त जीवनको भागिदार भएर स्वर्ग जान चाहन्छु। प्रभु येशू, मेरा सबै पापहरू क्षमा गरिदिनुहोस्। म कसरी तपाईंलाई पछ्याउन सक्छु मलाई सिकाउनुहोस्। मेरो पापको खातिर क्रुसको मृत्युलाई सहनुभएकोले म तपाईंलाई धन्यवाद*

*दिन्छु। मलाई प्रेम गरेर मेरो जीवनको वास्ता गर्नु भएकोमा म धन्यवाद दिन्छु। हे प्रभु, मेरो हृदयमा आउनुहोस् र मेरा प्रभु र उद्धारकर्ता बनिदिनुहोस्। पवित्र-आत्माले मलाई भर्नुहोस्। शैतानको सम्पूर्ण शक्तिमाथि विजयी हुनचाहन्छु। परमेश्वरको सत्यताले मेरो जीवन भरियोस्। परमेश्वरको उपस्थितिले अहिल्यै छुनुहोस् - येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु, आमिन्।"*

तपाईंको लागि परमेश्वरको विशेष बोलावट छ। आज येशूले तपाईंलाई बोलाउनु भएको छ। परमेश्वर तपाईंसँग बोल्नु भएकोले तपाईंले बाँच्नु पर्ने उद्देश्यलाई जान्नुहोस्। तपाईंलाई परमेश्वरको मित्र बन्नलाई बोलाइएको छ। तर धेरै मानिसले येशू ख्रीष्टलाई पछ्याउँछु भनेर बाटो बिराएका छन्। यहूदा नामका एकजना मानिस येशूका चेला थिए। तर भित्रबाट उनी अविश्वासी थिए र येशू ख्रीष्टलाई इन्कार गरे। परमेश्वरप्रति एकदमै विश्वासिलो हुनुपर्ने कुरा प्रत्येक ईसाईको लागि अति महत्त्वपूर्ण कुरा हो। तपाईं प्रभुसँगको यात्रामा लगातार लागिरहनुहोस्। दिनदिन येशूको नजिक हिँडेर उहाँको घनिष्ट मित्र बन्दै जानुहोस्।

परमेश्वरको नजिक जानलाई बाइबल अध्ययन र ख्रीष्टको बारेमा सिक्दैजानुपर्छ। प्रत्येक दिन परमेश्वरसँग येशू ख्रीष्टको नाउँमा प्रार्थनाद्वारा तपाई कुरा गर्न सक्नुहुन्छ। उहाँले तपाईंको प्रार्थना सुन्नुहुन्छ। प्रत्येक दिन येशूलाई प्रार्थना गर्नुहोस्। हरेक दिन ख्रीष्टसँगसगैं हिँड्नुहोस्। उहाँको बारेमा अझै बढी जान्नलाई भोकाउने र तिर्खाउने गर्नुहोस्। येशू प्रभुलाई ग्रहण गर्नु भनेको शुरु मात्रै हो। तपाईंको लागि परमेश्वरको योजनामा अझ धेरै-धेरै छ। परमेश्वरको उच्च बोलावटद्वारा तपाईंलाई बोलाउनु भएकोले तपाईं कुनै ईसाई चर्चमा जानुथाल्नुहोस जसले ख्रीष्टसँग हिँड्न तपाईंलाई मद्दत गर्नेछ। येशूले तपाईंको लागि गर्नुभएको महान् कामको बारेमा अरूहरूलाई भन्न नडराउनुहोस्। उहाँको लागि जीवनै चढाउनु परे तापनि नडराउनुहोस्। एउटा बलियो ईसाई हुनुहोस्, एउटा त्यस्तो ईसाई जो सम्पूर्ण हृदयले परमेश्वरलाई प्रेम गर्दछ। परमेश्वरको शक्तिशाली गवाही हुने र परमेश्वरको महान् काम गर्ने एउटा बलियो ईसाई हुनुहोस्। यदि तपाईंले यी सबै कुरा गर्नुभयो भने हाम्रा प्रभु

मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र भव्य स्वागत्का साथ प्रवेश पाउनुहुनेछ (२ पत्रुस १:११)।

येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता र परमेश्वर भनी ग्रहण गरेको निर्णय नै तपाईंको जीवनको महत्त्वपूर्ण निर्णय हो। येशू ख्रीष्टसँगको तपाईंको हिँडाइलाई पूर्णता दिने सहयोगी पुस्तकका रूपमा मित्र मेथ्यू नीधमले *"उद्धारको बाटो"* नामक अनुगमन पुस्तिका तयार गर्नुभएको छ। नयाँ विश्वासी ईसाईलाई नयाँ जन्मेका बालकहरूसँग तुलना गरिएको छ। बाइबलले भन्दछ- *"नयाँ जन्मेका बालकहरू जस्तै शुद्ध आत्मिक दुधको तृष्णा गर र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दै जान सक्नेछौं। किनकि प्रभु कृपालु हुनुहुन्छ भन्ने कुराको स्वाद तिमीहरूले पाएका छौं"* (१ पत्रुस २:२-३)। आत्मामा बढ्न र पक्का बन्दै जानको लागि तपाईंले ख्रीष्टको आज्ञामा हिँड्ने तालिम लिइरहनुपर्छ -(मत्ती २८:१९-२०)। परमेश्वरले तपाईंलाई आशिष् दिऊन्। उहाँको स्वर्गीय बोलावटमा बढ्दैजान आशिष् दिऊन्।

मैले मेरो जीवनभरि नै येशूलाई
पछ्याउने निर्णय गरेको छु ☐ छैन ☐ ,
किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम
गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्रलाई
दिनुभयो ताकि विश्वास गर्ने
(तपाईंको नाउँ)

..........................................................................

नाश नहोस् तर उसले अनन्त जीवन पाओस्।
परमेश्वरको परिवार भई
जन्मेको मिति .........................